# पर्सा जिल्ला अदालत

टेलीफोन ०५१-५२२२२७
फ्याक्स ०५१-५२५५६५

वीरगज पर्सा

मिति २०७६।१।१६

प.सं. : २०७५/०७६
च.नं. :१८९३४

विषयः- सवारी साधन लिलाम विक्रीको सुचना वेवसाईडमा राखिदिने सम्बन्धमा ।

श्री सर्वोच्च अदालत, सुचना प्रविधि महाशाखा काठमाण्डौ ।

उपरोक्त सम्बन्धमा यस अदालतको देहायको सवारी साधन विक्री सम्बन्धमा सुचना सम्मानितअदालतको वेवसाईडमा मिति २०७६।१।१६ गते प्रकाशित गरिदिनु हुन सुचना १ प्रति यसै साथ राखी सादर अनुरोध गरिन्छ।

तहसिलदार
शाखा अधिकृत

सुचना !　　　　　सुचना !!　　　　　सुचना !!!

यस अदालतमा विभिन्न मुद्दाहरुमा अभियोग पत्र साथ दशीको स्वरुप प्राप्त जिन्सीमा आम्दानी बाँधिएका चारपाङग्रे तथा दुई पाङग्रे सवारी साधनहरु यस अदालतवाट फिर्ता लिई जाने सुचना समेत प्रकाशित गरिएको सुचना वमोजिम समान फिर्ता लिई नगएको ट्रक, जीप, कार र मोटरसाईकलहरु यस अदालतको मिति २०७४।१०।७ र २०७५।६।१४ गतेको टिप्पणी आदेश वमोजिम पहिलो सुचना मिति २०७५/११/२१ र दोस्रो सुचना २०७५/१२/१२ गतेमा लिलाम सुचना प्रकाशित गरी, सो वमोजिम वोलपत्र खरिद भई कसैवाट वोलपत्र दर्ता समेत हुन नआएकोमा जिल्ला अदालत नियमावली २०५२ को नियम ९०(ख) (५) तथा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ को उपदफा ११ वमोजिम वार्ताद्धारा बढी भन्दा बढी मुल्य कवोल गर्ने कार्य गर्नु भनि यस अदालतवाट मिति २०७५/१२/२६ को टिप्पणी आदेश वमोजिम मिति २०७६/१/२२ गतेका दिन ११:३० बजे तहसिलदार मार्फत वार्ताद्धारा लिलाम बिक्री हुने व्यहोरा सुचित गरिन्छ।

तहसिलदार